सम्माननिय सभामुख श्री सुवास नेवाङ्ग ज्यू ,
व्यवस्थापीका–संसद
संसद सचिवालय
सिंहदरवार, काठमाडौं
नेपाल

२९ माघ २०६३

सम्माननिय सभामुख ज्यू ,

इन्टरनेशनल कमिशन अफ जुरिष्ट ( आइसिजे ) तत्कालीन प्रतिनिधि सभाद्वारा गत माघ १ गते घोषणा गरिएको अन्तरीम संविधानको स्वागत गर्दछ । यो उल्लेखनिय उपलब्धी हो र यसले नेपालमा दिगो शान्ती र प्रजातन्त्र तर्फ हुने सकारात्मक विकाशक्रमहरुको प्रतिनिधित्व गदर्छ ।

उक्त संविधानको प्रस्तावनामा उल्लेख गरिए अनुसार यो संविधान भावी संविधान सभाले नयाँ संविधान तयार नगरुन्जेलसम्म लागु रहनेछ । तसर्थ आइसिजेको बुझाइमा यो अस्थायी संविधान हो र यसको उद्देश्य स्वतन्त्र र निष्पक्ष संविधान सभालाई स्थापित गर्नु हो । नयाँ संविधानको मस्यौदा गर्ने काम सुरुभएपछि अन्तर्राष्ट्रिय कानून, अन्तर्राष्ट्रिय मानवीय कानून र कानूनी शासनका सिद्धान्तहरु लागु गर्ने सम्बन्धी सल्लाहको लागि अनुरोध भएमा त्यस तर्फ कदम चाल्न आइसिजे तत्पर रहनेछ ।

अन्तरिम संविधानमा भएका थुप्रै व्यवस्थाहरु खासगरी नेपाल एक समावेशी र बहुदलीय प्रजातन्त्र प्रति प्रतिवद्ध र पूर्ण लोकतान्त्रिक राज्य हुने, त्यस्तै कानूनको शासन प्रतिको प्रतिवद्धता, राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक निकायको रुपमा दिइएको मान्यता र आधारभूत मानवअधिकार तथा स्वतन्त्रताको विस्तार जस्ता पक्षहरुको आइसिजे स्वागत गर्दछ । यि प्रावधानहरुले नेपालमा मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्न आधारशीला खडा गर्ने छन् ।

यद्यपि, हाम्रा अन्य धेरै सरोकारहरु छन जुन अन्तर्राष्ट्रिय मानवअधिकारका मान्यताहरुको पालनासँग सम्बन्धित छन् । दीर्घकालिन र जटिल सवालहरु संविधान

सभाबाट सम्बोधित हुने हुनाले अहिले हामी तत्कालै संवोधन गर्नुपर्ने र महत्वपूर्ण सवालहरुमा मात्र सीमित भएका छौं जसलाई व्यवस्थापिका-संसदले अनुमोदन गर्न सकोस । हामी व्यवस्थापिका-संसदलाई आग्रह गर्न चाहन्छौं कि आउँदा महिनाहरुमा सर्वोत्तम र उपयोगी हुने गरी यो अन्तरिम संविधानको संशोधन गरियोस । यदी सम्माननिय सभामुख ज्यू वा कुनै माननीय सदस्यहरुले अनुरोध गरेमा हामी सहर्ष यि सवालहरुलाई अझ विस्तार गर्नेछौं ।

राजनैतिक प्रकृयामा खासगरी संविधान सभामा अल्पसंख्यक समूहहरुलाई कुन हदसम्म प्रतिनिधित्व गराउने भन्ने बारे नेपालमा उल्लेखनीय बहस भएको तथ्यको आइसिजे जानकार छ । यो महत्वपूर्ण विषयलाई शान्तिपूर्ण र सहभागीमूलक वार्ताद्वारा समाधान गरिनु पर्दछ । अन्तर्राष्ट्रिय मानवअधिकार कानून र असल अभ्यासले कसरी अल्पसंख्यकहरुका अधिकारको प्रभावकारी सुनिश्चितता गराउने भन्ने मान्यताहरु समावेश गर्दछन, जसले संविधान सभालाई दीर्घकालिन संविधान बनाउन सहयोग गर्दछ । आइसिजे आफ्ना भावी टिप्पणीहरुमा संविधान निर्माण प्रक्रियामा सबै अल्पसंख्यकहरुका अधिकार सम्बन्धी सवालहरुमा सम्बोधन गर्ने छ ।

यदि सभामुख ज्यूले हाम्रो पत्र अन्तरिम व्यवस्थापिका संसदका सबै माननीय सदस्यहरुलाई वितरण गर्ने व्यवस्था मिलाई दिनु भएमा हामी कृतज्ञ हुने छौं ।

**<u>समानता र गैह्र भेदभाव</u>** :

समानता र गैह्र भेदभाव सम्बन्धी सामान्य प्रावधानहरुलाई आइसिजे स्वागत गर्दछ (धारा १३)। उक्त धाराले धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ती, भाषा, र वैचारिक आस्था वा यि मध्ये कुनैको आधारमा भेदभावलाई वन्देज गर्दछ । यद्यपि नागरिक र राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध को धारा २(१) र धारा २६ ले गैह्र भेदभावका अन्य केही आधारहरु प्रस्तुत गर्दछन । जस्तै "राष्टिय् र सामाजिक उत्पत्ती" "सम्पत्ति, जन्म वा अन्य हैसियत" । यि प्रावधानहरु अन्तर्राष्ट्रिय कानून र व्यवहारमा सर्व-स्वीकारीय छन् । संयुक्त राष्ट्र संघीय मानवअधिकार समितिले समानता र गैह्र–भेदभावका आधारहरुलाई व्याख्या गरे अनुसार भौतिक वा मानसिक अशक्तता, उमेर, विवाह, लिङ्गिय अभिमूखीकरण र स्वास्थ्य अवस्था (जस्तै HIV/AIDS को अवस्था) जस्ता कुराहरु पनि पर्छन् । केही व्यक्तिहरु जो शारीरिक र मानसिक रुपले अशक्त छन, नेपालमा भेदभाव भोगिरहेका छन्

र यो क्रम अझै जारी छ । गैह्र–भेदभावसम्वन्धि प्रावधान कुनै पनि संविधानको, अन्तरिम संविधान सहित, एक आधारभूत प्रत्याभूति हो र त्यसकारण विस्तारपूर्वक र उचित ढंगले मस्यौदा गरिनुपर्दछ ।

**सिफारिस १:**
**आइसिजे निम्न अतिरिक्त प्रतिवन्धित आधारहरु समेत समावेश गरी धारा १३ को संशोधन गर्न सिफारिस गर्दछ जस्तै - "राष्ट्रिय वा सामाजिक उत्पत्ती र सम्पती, जन्म वा अन्य हैसियत" ।**

<u>छुवाछुत र जातिय भेदभाव</u> :

कुनै पनि व्यक्तिलाई छुवाछूत र जातिय भेदभावको विषय बनाउनु हुँदैन भनी धारा १४ ले एउटा स्वागतयोग्य प्रावधानको व्यवस्था गरेको छ । यद्यपि धारा १४(२) को भाषाले यस्तो अर्थ लाग्छ की भेदभावको निषेध गरिने कुरा "सार्वजनिक सेवा, सुविधा र उपभोगकावस्तुहरुमा " मात्र लागु हुन्छ र निजी क्षेत्र र निजी धार्मिक ठाउँहरुमा प्रवेश निषेध गरेमा यो कुरा लागु हुँदैन । भेदभाव सार्वजनिक र निजी दुवै परिधि भित्र हुन सक्छ । नेपालको संविधान २०४७ ले जात र छुवाछूतको आधारमा सार्वजनिक स्थानमा मात्र भेदभावको निषेध गरेको थियो र निजी क्षेत्रमा भेदभावको निरन्तरतालाई अनुमति प्रदान गरेको थियो ।

**सिफारिस २ :**
**आइसिजे धारा १४(२) मा प्रयोग भएको शब्द "सार्वजनिक" लाई हटाउन वा त्यसको सट्टा प्रत्येक ठाउँमा "सार्वजनिक" भन्ने शब्दसँग सँगै "र व्यक्तिगत" भन्ने शब्दावली थप्न सिफारिस गर्दछ ।**

<u>बलपूर्वक वेपत्ता</u> :

अन्तरिम संविधानले बल पूर्वक वेपत्ता पर्ने कार्यलाई निषेध र अपराधिकरण गरेको छैन । बलपूर्वक वेपत्ता पार्ने कार्यले सामान्यतया विभिन्न मानवअधिकारको हनन गर्दछ जसमा- यातना, अन्य निर्दयी, अमानवीय वा अपमानजनक व्यवहार विरुद्धको अधिकार, व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकार र मुलत जीवनको अधिकार पर्दछन । यो अन्तर्राष्ट्रिय

मानवअधिकार कानूनको गम्भिर उल्लंघन हो र यदि व्यापक र व्यवस्थित रुपमा भएमा मानवता विरुद्धको अपराध हुन्छ । नेपालको सशस्त्र द्वन्द्व र यससँग जोडिएका मानवअधिकार उल्लंघनबाट सिकएिका पाठहरु अन्तरिम संविधानमा सम्बोधन गरिनु पर्छ । आइसिजेले गत २९ जनवरी २००७ मा सबै व्यक्तिहरुलाई बलपूर्वक वेपत्ता पार्ने प्रति संरक्षणको अन्तर्राष्ट्रिय अनुवन्धलाई अनुमोदन गर्न नेपाल सरकारलाई आग्रह गरेको थियो ।

**सिफारिस ३ :**

**आइसिजे बलपूर्वक वेपत्ता पार्ने कार्य विरुद्धको अधिकार सबैको मौलिक अधिकार हुने गरी अन्तरिम संविधानको संशोधन गर्न सिफारिस गर्दछ ताकि बलपूर्वक वेपत्तालाई पुष्टी गर्न कुनै पनि अपवादजनक अवस्थाको साथ लिन सकिने छैन र बलपूर्वक वेपत्ता अपराधिक कार्यको रुपमा दण्डित हुनेछ ।**

**विचार, अभिव्यक्ति, भेला र संगठनको स्वतन्त्रतामा प्रतिबन्ध** :

आइसिजे अन्तरिम संविधानले विचार र अभिव्यक्ति स्वतन्त्रता धारा १२(३)(क), शान्तिपुर्वक भेला हुने स्वतन्त्रता १२(३)(ख), राजनैतिक दल वा संगठन खोल्ने स्वतन्त्रता र संघ संस्था खोल्ने स्वतन्त्रता १२(३)(ग),(घ), प्रकाशन, प्रसारण र प्रेसको सम्बन्धी हक ( धारा १५(१) जस्ता प्रावधानहरुको स्वागत गर्दछ । खुल्ला र स्वतन्त्र सार्वजनिक बहस सहितको संविधान सभाको चुनाव तर्फ उन्मुख हुँदा त्यस अवधिमा यि अधिकारहरुको पूर्ण रक्षा गर्नु अत्यावशक हुन्छ ।

आइसिजे के सरोकार राख्दछ भने यि अधिकारहरुलाई रोक लगाउन सकिने अनुमतीयोग्य शब्दहरु (धारा १२ को प्रतिवन्धात्मक वाक्यांशको अनुच्छेद १, २, ३ र धारा १५(१) को दोस्रो अनुच्छेद) ले यस्तो अवधारणा र भाषाको बोध गराउँदछ कि तिनीहरु अनावश्यक रुपमा फराकिला र अस्पष्ट छन र खुल्ला तथा प्रजातान्त्रिक वातावरण अत्यन्त महत्वपूर्ण भएको बेला पुष्ट्याई नगरिकन ति प्रमुख स्वतन्त्रता र अधिकारहरुलाई सीमित गर्न प्रयोग गर्न सकिने सम्भावना रहन्छ । अन्तर्राष्ट्रिय मानवअधिकार कानून (संसारभरीका असल अभ्यासहरुमा पनि) कुनै सरकारलाई अभिव्यक्ति, भेला र संगठनको स्वतन्त्रतालाई सीमित गर्न त्यतिबेला मात्र बैद्यता प्राप्त हुन्छ जव त्यस्ता सीमितताहरु कानूनद्वारा प्रदान गरिएको हुन्छन र तिनीहरु अरुको अधिकार र प्रतिष्ठाको (वा स्वतन्त्रताको) सम्मान गर्न

वा राष्ट्रिय सुरक्षाको रक्षा गर्न वा सार्वजनिक सुव्यवस्थाको लागि वा सार्वजनिक स्वास्थ्यको लागी आवश्यक पर्दछन् । यस्तो भाषा नेपालले अनुमोदन गरीसकेको नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९, २१ र २२ मा पाइन्छ । र त्यसकारण उक्त प्रावधान नेपाल कानूनमा प्रत्यक्षतः लागु हुन्छ ।

अन्य विषयका अतिरिक्त “नेपालको सार्वभौमसत्तामा खलल पुऱ्याउने” कुनै पनि कार्यको लागि अन्तरिम संविधानले “उपयुक्त सीमितता” अपनाउन अनुमती दिन्छ । यो प्रावधान सरकारले अभिव्यक्ति स्वतन्त्रताको निषेध गर्ने गरी व्याख्या गर्न सक्दछ र जुन अन्तर्राष्ट्रिय मान्यता भन्दा धेरै साँघुरो हुनेछ । यस्ता अन्तर्राष्ट्रिय मान्यताहरुले “राष्ट्रिय सुरक्षा”, तत्काल हिसां भडकाउने वक्तव्य वा देशको भौगोलिक अखण्डता विरुद्ध शक्तिको प्रयोग जस्ता विषयमा मात्र “आवश्यकता” अर्न्तगत अभिव्यक्ति स्वतन्त्रता निषेध गर्न अनुमति दिन्छ । अर्को शब्दमा, उपयुक्तताको मान्यता अन्तर्राष्ट्रिय स्तरको आवश्यकता भन्दा धेरै कम कडा छ । यस्तै, “जात, जाती, धर्म र समुदाय बीच रही आएको सम्बन्धमा खलल पुऱ्याउने” अवस्थामा अभिव्यक्ति स्वतन्त्रतामा रोक लगाउने वैध उदेश्यलाई आइसिजेले बुझेको छ । तथापि, यो भाषा अनावश्यक रुपमा फराकिलो छ र यो हिंसा वा जातिय सहिष्णुता भडकाउने अभिव्यक्तिको सीमितता भन्दा अगाडि जान्छ ।

**सिफारिस ४ :**

**आइसिजे के सिफारिस गदर्छ भने धारा १२ र १५ मा रहेका विचार, अभिव्यक्ति, भेला र संगठन सम्बन्धी प्रावधानहरु नेपालले अनुमोदन गरेको र नेपाल कानून सरह लागु हुने अन्तर्राष्ट्रिय मानवअधिकार सन्धीहरुको भाषामा सु-स्थापित अनुमतियोग्य सीमितताहरुको पालना हुने गरी संशोधन गरियोस ।**

**कानून व्यवसायी र न्यायिक छानविनमा पहुँच :**

धारा २४ मा गिरफ्तार, थुना तथा स्वच्छ सुनुवाई सम्बन्धी व्यवस्था गरिएको छ । द्वन्द्वको समयमा भएका स्वेच्छाचारी गिरफ्तारी समेतमा उक्तकार्यहरुको स्पष्टरुपमा अभिलिखित दुरुपयोग भएको प्रवृत्तिलाई हेर्दा, यस्तो अधिकारले स्वच्छता, सुरक्षा र विश्वासको वातावरण सृजना गर्न महत्वपूर्ण रक्षाकवजको काम गर्छ । गिरफ्तारीमा परेको जोसुकैले “गिरफ्तारी परेको बेला” कानून व्यवसायीसँग सल्लाह लिन पाउने अधिकार प्रत्याभूति गर्ने

धारा २४(२) र गिरफ्तारीमा परेको जोसुकै लाई २४ घण्टाभित्र न्यायिक अधिकारी समक्ष पुऱ्याउन पर्ने धारा २४(३) को व्यवस्थालाई आइसिजे स्वागत गर्दछ । यद्यपि, आइसिजेका तीनवटा प्रत्यक्ष सरोकारहरु छन् -पहिलो धारा २४(२) ले "गिरफ्तारीको समयमा" मात्र कानून व्यवसायीको सल्लाह लिने अधिकारको व्यवस्था गर्छ । अन्तर्राष्ट्रिय कानून प्रष्ट छ कि सबै थुनुवाहरुलाई थुनुवाइको सबै प्रक्रियाहरुमा कानून व्यवसायीहरुको सल्लाह लिने र उनीहरुसँग संचार गर्ने अधिकार प्रदान गरिएको छ ( हेर्नुहोस् सबै किसिमको थुनुवा वा बन्दी सम्बन्धी सबै व्यक्तिको संरक्षण सम्बन्धी संयुक्त राष्ट्र संघीय सिद्धान्तहरु (संयुक्त राष्ट्र संघीय सिद्धान्तहरुको संग्रह), सिद्धान्त १७, १८ र धारा १४(३)(ख), अन्तर्राष्ट्रिय नागरिक तथा राजनैतिक अनुबन्ध । )

**सिफारिस ५ :**
**आइसिजे धारा २४(२) संशोधन गर्न सिफारिस गर्दछ जस्मा कुनै पनि थुनुवा वा बन्दीलाई गिरफ्तार परेको समयदेखि थुनुवा का सबै चरणहरुमा कानून व्यवसायीको पहुँचको अधिकारको प्रत्याभूति गरियोस् ।**

दोस्रो, धारा २४(२) ले कानून व्यवसायीसँगको पहुँच र धारा २४(३) ले न्यायीक अधिकारी समक्ष २४ घण्टा भित्र उपस्थित गराउनु पर्ने व्यवस्था गरेको भए पनि धारा २४(३) को दोस्रो अनुच्छेदले यस्ता प्रावधान (धारा २४(२) र २४(३)) निवारक नजरबन्दमा रहेका व्यक्तिहरुको हकमा लागु नहुने व्यवस्था गरेको छ । यो छुटले अन्तर्राष्ट्रिय कानून र असल अभ्यासको पालन गर्दैन । यो अधिकार बलपूर्वक वेपत्ता, गैर न्यायीक हत्या, यातना, निवारक नजरबन्दमा वा अपराधको आरोपमा कुनै व्यक्ति थुनामा रहेको कुरा निश्चित गर्ने कार्य वा जेल चलान गरिएको व्यक्तिको तत्काल बाहिरी संसार, खासगरी वकिल र न्यायाधिशसँगको पहुँच जस्ता मानवअधिकारको गम्भिर उल्लंघन विरुद्धको अत्यावश्यक सुरक्षाकवच हो । नेपालको भर्खरैको इतिहासलाई मध्यनजर गर्दा यो अधिकार सबै संविधानमा (अस्थायी संविधानमा पनि) मौलिक अधिकारको रुपमा राखिनु पर्छ । [संयुक्तराष्ट्र संघीय सिद्धान्तहरुको संग्रह अनुसार सबै व्यक्ति उनीहरुको पक्राउको कारणको वावजुद "तत्कालै" न्यायीक अधिकारी समक्ष ल्याउनु पर्छ भन्ने सिद्धान्त (सिद्धान्त ११(२)) र तत्कालै वकिलको पहुँचमा पुऱ्याउनु पदर्छ (सिद्धान्त १७ र १८) ।]

**सिफारिस ६ : आइसिजे धारा २४(३) हटाउन सिफारिस गर्दछ ।**

तेस्रो, विगतका केही वर्षहरुमा नेपालमा भएका स्वेच्छाचारी गिरफ्तारी र थुनालाई मध्यनजर गरी अन्तरिम संविधानमा यो अधिकार प्रष्ट रुपमा सुनिश्चित गरिएमा यो सबैकालागी महत्वपूर्ण मौलिक अधिकार हुनेछ । यस अधिकारलाई नागरिक तथा राजनैतिक अधिकारको अन्तर्राष्ट्रिय अनुवन्धनको को धारा ९(१) मा पनि व्यवस्था गरिएको छ ।

**सिफारिस ७ :**

**आइसिजे के सिफारिस गर्दछ भने व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकार प्रष्ट उल्लेख हुने गरी अन्तरिम संविधानमा संशोधन गरियोस ताकी कसैले पनि स्वेच्छाचारी गिरफ्तारी र थुनुवाईको सिकार हुनु नपरोस र कोही पनि त्यस्तो अधिकारबाट कानूनले स्पष्टसाथ स्थापित गरेको प्रक्रियाको आधारमा बाहेक स्वतन्त्रताबाट बन्चित हुनु नपरोस् ।**

**मौलिक अधिकार :**

नेपालले उल्लेख्य संख्यामा अन्तर्राष्ट्रिय मानवअधिकार सन्धीहरुको अनुमोदन गरेको छ । नेपालले अन्तर्राष्ट्रिय सन्धिहरुका धेरै प्रावधानहरु २०४७ को संविधानमा उल्लेख गरेको छ र अहिलेको अन्तरिम संविधानमा पनि यस्ता व्यवस्थाहरु राखिएका छन् । यद्यपि, आइसिजेका तीनवटा प्रारम्भिक सरोकारहरु छन् ।

अन्तरिम संविधानको भाग ३ “मौलिक अधिकार” ले नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरुमा उल्लेख भए अनुसारका धेरै मौलिक अधिकारलाई उल्लेख गरेको छ तर त्यो पूर्ण छैन । संविधान सभाले कुन अधिकार दीर्घकालिन रुपमा संविधानमा राख्ने र कुन अधिकार विधायिकाले बनाउने कानूनमा राख्ने भन्ने कुराको सम्बोधन गर्नेनैछ । तथापि, आइसिजेको विचारमा व्यवस्थापिका–संसद आफैंले अन्य केही थप अधिकारहरुको सुनिश्चित गर्नु पदर्छ । किनभने तिनीहरु संविधान सभाको छलफलको लागि आधारशीला मात्र होइन आउने संक्रमणकालिन अवधिको लागि समेत विशेष महत्वका हुनेछन् ।

**सिफारिस ८ :**

**आइसिजे  के सिफरिस गर्दछ भने अन्तरिम संविधानले देहायका अधिकारहरुको स्पष्ट प्रत्याभूति गरोस् जुन नेपालको अन्तर्राष्ट्रिय मानवअधिकार दाइत्व भित्र पर्दछन । जीवनको**

**अधिकार, व्यक्तीको स्वतन्त्रता र सुरक्षाको अधिकार (सिफारिस ३ र ७ पनि हेर्नुहोस्) साथै अन्य आर्थिक, समाजिक, सांस्कृतिक अधिकार : खाद्य अधिकार र यथोचित घरवासको अधिकार ।**

दोस्रो, भाग ३ मा भएका धेरै मौलिक अधिकारहरुको उपभोग “नागरिक”हरुलाई मात्र सीमित गरिएका छन् । जस्मा, - विचार र अभिव्यक्तिको स्वतन्त्रता, भेला र संगठनको स्वतन्त्रता धारा १२(३), समानताको अधिकार (धारा १३), सम्पत्तिको अधिकार (धारा १९), सूचनाको हक (धारा २७) पर्दछन । अन्तर्राष्ट्रिय मानवअधिकार कानून अनुसार केही थोरै अधिकारहरु मात्र “नागरिक” को लागि सीमित गर्न सकिन्छ । खासगरी मतदानको अधिकार र सरकारमा सामेल हुने अधिकार (धारा २५, नागरिक तथा राजनैतिक अधिकार समबन्धी अनुवन्धन) तर गैह्र नागरिकलाई जात, जाती, भाषाको आधारमा भेदभाव गर्नु वा नागरिकले मात्र अभिव्यक्ति स्वतन्त्रताको हक उपभोग गर्न पाउछ भन्नु अधिकार दिनबाट गम्भिर रुपले इन्कार गर्नु हो । मौलिक हक “नागरिकहरु” लाई मात्र सीमित नगरिकन अन्तर्राष्ट्रिय कानून र मान्यताहरुले गैह्र नागरिक वा “विदेशी”हरुलाई सिमित मात्रामा प्रदान गर्ने केही आधारहरु पहिलानै अन्तर्राष्ट्रिय कानून र मान्यताहरुले प्रदान गरी सकेका छन् । विदेशीलाई केही निश्चित आधारमा देश भित्र पस्न रोक लागाउन सकिन्छ वा देशबाट निकाला गर्न सकिन्छ (धारा १३ नागरिक तथा राजनैतिक अधिकार समबन्धी अनुवन्धन) तर कानूनी रुपमा बसिरहेकाहरुलाई त्यस देशमा आवास र हिँडडुल गर्न पाउने स्वतन्त्रता हुन्छ ।

**सिफारिस ९ : अन्तरिम संविधानको भाग ३ मा प्रत्याभूति गरिएका मौलिक हक नेपाल सरहद भित्र र नेपालको प्रादेशीक अधिकार क्षेत्रभित्र सबैलाई लागु हुनु पर्छ र अपवादमा मात्र नेपाल सरहद भित्र बस्ने पत्येक व्यक्तिलाई अन्तरीम संविधानको भाग ३ अर्न्तगतका मौलिक हक लागु हुन पर्दछ र नेपाल भित्र कानूनीरुपमा बसोवास गरेको सबैलाई स्वतन्त्रता पुर्वक आवतजावत गर्ने र आवासको स्वतन्त्रता लागु हुनेछ । बसोबास गर्ने र हिँडडुल गर्ने अधिकार भने कानूनले व्यवस्था गरे बमोजिम हुन्छ ।**

तेस्रो, संविधान सभाले के विचार गर्नु पर्दछ भने नेपालले अन्तर्राष्ट्रिय मानवअधिकार सन्धी सम्झौताहरु अनुमोदन गरेको परिणामस्वरुप सृजित नेपालको बन्धनकारी अन्तर्राष्ट्रिय दायित्व राष्ट्रिय कानून भन्दा कसरी प्राथमिकता पाँउदछ । यद्यपी कानुनमा २०४७ को नेपाल सन्धी ऐनले पहिलेनै यस सम्बन्धमा व्यवस्था गरी सकेको छ । नेपालको

सन्दर्भमा संयुक्त राष्ट्र संघीय मानवअधिकार समितिले पहिलेनै टिप्पणी गरी सकेको छ की नेपालले "आफ्नो कानूनी प्रणालीमा नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अनुवन्धनको स्थान प्रष्टरुपमा परिभाषित गर्नुपदर्छ ता कि यस अनुकूल राष्ट्रिय कानून लागु गरियोस्" यो वाहेक, विश्वका अन्य भागहरुमा आधुनिक संविधानहरुले यो कुराको पुनः उल्लेख गर्छन कि अन्तर्राष्ट्रिय सन्धीहरुले राष्ट्रिय कानूनले भन्दा प्राथमिकता पाउँदछन ताकि अन्तर्राष्ट्रिय कानूनी दायित्वलाई नजरअन्दाज गर्दै बनाइएका राष्ट्रिय कानूनका सीमिततायुक्त व्यवस्थाहरुलाई रोक लगाउन सकियोस् ।

अन्तरिम संविधानको लागु र व्याख्या गर्दा अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरुको दाइत्व मार्ग निर्देशक हुनेछ भनि अन्तरीम संविधानमा उल्लेख गरिएमा आईसिजे स्वतन्त्र र प्रजातान्त्रिको वातावरण तयार गर्न र संभावित व्दिविधाहरुको अन्त्य हुन सक्दछ भन्ने धारणा राख्दछ ।

**सिफारिस १० :**

**अन्तरिम संविधानको नेपालको अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वसँग अनुकूल हुने गरी व्याख्या गरिने छ र सोही बमोजिम लागु गरिने छ र त्यस्ता अन्तर्राष्ट्रिय दायित्वसँग राष्ट्रिय कानूनका प्रावधानहरु स्वतः शून्य हुनेछन् भन्ने प्रावधान अन्तरिम संविधानमा राखियोस् भनी आइसिजे सिफारिस गर्दछ ।**

<u>संकटकालिन अधिकार</u> :

भाग १९ मा गरिएको संकटकालिन अधिकारको व्यवस्था स्वागतयोग्य छ । यसले २०४७ को संविधानको व्यवस्थामा सुधार गरी धारा १४३(७) मा संकटकालिन अवस्थामा पनि निलम्वन नहुने मौलिक हकको एउटा सुचिको उल्लेख गर्दछ । द्वन्द्वको समयमा संकटकालिन अधिकारको दुरुपयोग गरिएको थियो र त्यसको पुनरावृत्ति हुने खतराले संक्रमणकालमा जनताको आत्मविश्वासमा ठेस पुऱ्याउने खतरा रहन्छ । यस कुरालाई ध्यानमा राखेर आइसिजे दुईवटा प्राथमिक सुझाव दिन चाहन्छ, जुन अन्तरिम संविधान संशोधन गर्दा विचार गरियोस् ।

पहिलो, संकटकालिन अवस्थाको घोषणा राज्यले गर्न सक्ने अवस्था (धारा १४३) ज्यादै विस्तृत र अस्पष्ट छ र यो नागरिक तथा राजनैतिक अधिकार समबन्धी अनुवन्धनको धारा

४(१) सँग मेलखाने खालको छैन जस अनुसार संकटकालिन अवस्था त्यसबेला घोषणा गर्न सकिन्छ जव "राष्ट्रको जीवनलाई खतरा पुग्ने खालको सार्वजनिक संकटकाल हुन्छ" । र यो शब्दावलीको राम्रोसँग व्याख्या भइसकेको छ । सबैखाले अवरोधहरु वा हताहत वा "नेपालको सार्वभौमसत्ता र अखण्डता वा कुनै भागको सुरक्षा प्रतिको गम्भिर संकट पनि" राष्ट्रको जीवनमा खतरा हुन सक्दैन, गम्भिर आर्थिक विश्रृंखलता संकटकालको पर्यात्त आधार हुन सक्दैन, यस्ता अस्पष्ट भाषाले खतरनाक दोहोरो अर्थ र दुरुपयोगको सम्भावनाको सृजना गर्दछ ।

**सिफारिस ११ : आइसिजे धारा १४३(१) लाई संशोधन गरी संकटकाल राष्ट्रको जीवनलाई खतरा पुग्ने अवस्थामा मात्र घोषणा गर्न सकिन्छ भनी व्यवस्था गर्न सिफारिस गर्दछ ।**

दोस्रो, धारा १४३(७) ले व्यवस्था गरे अनुसार सरकारले संकटकालको समयमा केही (सबै होइन) मौलिक हकको निलम्वन गर्न सक्दछ । नागरिक तथा राजनैतिक अधिकार समबन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा ४(१) मा संकटकालिन अधिकारको दुरुपयोग विरुद्धको आधारभूत रक्षाको लागि व्यवस्था गरिएको छ जस अनुसार संकटकालमा अधिकारको कटौती वा निलम्वन गर्ने गरी लिइएका प्रत्येक अपवादजनक प्रावधानहरु यस्तो हुनै पर्छ कि : तत्कालिन अवस्थाले आवश्यकता सृजना गरे वमोजिम मात्र हुनुपर्छ, सम्बोधन गरिएको खतराको अनुपातमा हुनुपर्छ, यस्तो ठाउँमा मात्र लगाइनु पर्छ जुन संकटकालको खतरालाई सम्बोधन गर्न आवश्यक हुन्छ । निषेध गरिने आधारमा पनि मानिसहरुलाई भेदभाव गर्नु हुँदैन र राष्ट्रको अन्तर्राष्ट्रिय दायित्वसँग बाभिने खालको हुनु हुँदैन । अधिकारको निलम्वन गर्ने शक्तिको लागि यस्तो मार्गनिर्देशन संविधानमा राख्नु महत्वपूर्ण हुन्छ ।

**सिफारिस १२ :**

**संकटकालिन अवस्थामा धारा १४३(७) अनुसार मौलिक हकको निलम्वन गर्ने प्रत्येक निर्णयहरु संकटकालिन खतराको लागि सम्बोधन गर्न आवश्यक भए जति मात्र हुनुपर्छ, खतरा समानुपातिक हुनुपर्छ, खतरालाई मुकाविला गर्नुपर्ने समयको लागि मात्र हुनुपदर्छ, अन्तरिम संविधानको धारा १३ अनुसार निषेध गर्ने आधारहरुमा कसैलाई पनि भेदभाव गरिदैन र नेपालको अन्तर्राष्ट्रिय मानवअधिकारको प्रतिवद्धताको उल्लंघन गरिने छैन भनी प्रष्ट व्यवस्था गर्ने गरी अन्तरिम संविधानको संशोधन गरियोस भनी आइसिजे सिफारिस गर्दछ ।**

## न्यायपालिकाको स्वतन्त्रता र संवैधानिक निकायमा नियुक्ति :

धारा ३३(ग) मा गरिएको व्यवस्थाले यस्तो राजनैतिक प्रणाली अंगिकार गर्नु राज्यको दायित्व हुन्छ जस अन्तर्गत अन्य विषयका अतिरिक्त "न्यायपालिकाको स्वतन्त्रता" प्रत्याभूति गरिएको हुन्छ भन्ने व्यवस्था गरेको छ । तर धारा ३६(१) को व्यवस्थाले त्यो दायित्व लागु हुन नसक्ने देखाउछ । अन्तरिम संविधानले स्वतन्त्र न्यायपालिकाको कुनै प्रष्ट प्रत्याभूति गर्दैन । यसलाई संविधानको भाग १० न्यायपालिकामा समावेश गरिएको छैन । धारा २४(९) ले सबैको "सक्षम अदालत र न्यायिक निकाय" भने स्वच्छ सुनुवाईको अधिकारको प्रत्याभूति गर्छ तर यो स्वतन्त्र अदालतको न्यायिक निकाय भने होइन । स्वतन्त्र न्यायपालिकाको सुनिश्चितता र रक्षा गर्ने काम कानूनको शासनको मुटु हो जसमा स्वच्छ सुनुवाई सहित न्यायप्रशासन जस्ता विषयहरु पनि पर्दछन् । र यो मानवअधिकारको कार्यान्वयन गर्ने संस्थाहरु र प्रभावकारी उपचार प्रदान गर्ने प्रत्याभूतिको लागि पनि अत्यावश्यक तत्व हो । न्यायपालिकाको स्वतन्त्रता सम्बन्धी संयुक्त राष्ट्र संघीय सिद्धान्तहरुको सिद्धान्त १ मा उल्लेख गरिए अनुसार न्यायपालिकाको स्वतन्त्रताको कुरा सम्बन्धीत देशको संविधानमा उल्लेख भएको हुनुपर्छ । आउँदा महिनाहरुमा नेपालमा शाक्ति सन्तुलन र सुपरीक्षवेक्षण संयन्त्रको सन्दर्भमा न्यायपालिकाको स्वतन्त्रता आलोचनात्मक हुन सदक्छ ।

**सिफारिस १३ :**

**आइसिजे के सिफारिस गर्दछ भने अन्तरिम संविधानमा नेपालमा न्यायपालिकाको स्वतन्त्रताको प्रष्ट उल्लखे गर्दै त्यसको पालना गर्ने तथा सम्मान गर्ने सबै सरकारी तथा अन्य निकायको कर्तव्य हो भन्ने कुराको उल्लेख गर्दै संशोधन हुनुपर्छ । अन्तरिम संविधानले यो कुरा पनि सुनिश्चित गर्नुपर्छ कि सक्षम अदालत वा न्यायिक निकायबाट मात्र होइन स्वतन्त्र न्यायपालिकाको न्यायिक निकायबाट स्वच्छ सुनुवाई हुन पाउनु सबैको अधिकार हो ।**

जनवरी २४, २००७ को एउटा सार्वजनिक वक्तव्यमा आइसिजेले पहिलेनै आफ्नो सरोकार जनाई सकेको छ कि अन्तरिम संविधानले व्यवस्था गरेको "संवैधानिक परिषद ", जस्ले प्रधानमन्त्रीलाई प्रधान न्यायाधिश, महालेखा परीक्षक, राष्ट्रिय मानवअधिकार आयोगका सदस्यहरु, लोकसेवा आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको नियुक्तिको लागी

सिफारिस गर्छ,,  पर्याप्त मात्रामा स्वतन्त्र हुन्छ कि हुँदैन भन्ने कुराको परिणामले ति पदहरुमा साँच्चिकै स्वतन्त्र व्यक्तिहरु आउने कुराको निर्धारण गर्छ । यि सबै निकायहरुले संक्रमणकालमा शक्ति सन्तुलनको लागि केन्द्रीय भूमिका खेल्दछन् । संवैधानिक परिषदका ६ जनामध्ये ४ जना सदस्यहरु सरकारबाट आउँछन् । प्रधानमन्त्री र प्रधानमन्त्रीले तोकेको तीनजना मन्त्रीहरु, वाहेक प्रधान न्यायाधिश पाचौं व्यक्ती हुन्छ जो प्रधानमन्त्री आफैंले संवैधानिक परिषदको सिफारिसमा नियुक्ति गर्दछ । छैठौं सदस्य, व्यवस्थापिका–संसदको सभामुख मात्र कार्यपालिकाबाट स्वतन्त्र हुन्छ ।

यो बाहेक, यदी प्रधान न्यायाधिश विवादरहित तरिकाले स्वतन्त्र नभएमा वा त्यस्तो देखिने भएमा त्यसले न्याय परिषदको स्वतन्त्रता प्रति वा न्यायापरिषदको स्वतन्त्रताको अवधारणा प्रति नकारात्मक असर पर्छ किनभने प्रधान न्यायाधिशले नै न्यायपालिकाका अन्य सदस्यहरुको नियुक्ति गर्न परिषदको अध्यक्षको हैसियतले मूल भूमिका खेल्छन् । आइसिजे त्यसकारण न्यायापरिषदका सदस्यहरुको नियुक्तिको लागि न्याय परिषदको भूमिका औंल्याउन चाहन्छ ,  ताकि त्यस्ता व्यक्तिहरु प्रश्न नगरिने खालको स्वतन्त्रता र निष्ठा सहितका होउन । आइसिजेको विचारमा संविधान सभाले मुलुकका स्वतन्त्र संस्थाहरुमा नियुक्ति गर्ने तरिका बारेको पुर्नविचार गर्नु पर्दछ ।

उल्लेखित विचारहरु आइसिजेका प्रारम्भिक धारणा मात्र हुन् । यसले आइसिजेको विस्तृत सरोकारहरुको सुचिलाई प्रतिनिधित्व गर्दैन र आइसिजे यो ऐतिहासिक र महत्वपूर्ण प्रक्रियामा योगदान गर्नको लागि भविष्यमा पनि विस्तृत प्रस्तुतीहरु गर्न चाहन्छ ।

भवदीय

मिति : ११ फेब्रुअरी, २००९

निकोलास होवेन
महासचिव